सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ७ अङ्क १९  मंसिर २८ आईतबार

## पर्यटन विकासमा नीति र बजेटको आश्यक्ता

साइनबोर्डले र भाषणले होइन, स्पष्ट नीति, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयनले मात्र पर्यटन विकास सम्भव हुन्छ । यो यथार्थलाई रुकुम पूर्वका स्थानीय सरकारले अझै गम्भीरतापूर्वक आत्मसात गर्न सकेको छैनौं । हिमाली जिल्ला रुकुम पूर्व प्राकृतिक, सांस्कृतिक र भौगोलिक दृष्टिले पर्यटनको अपार सम्भावना बोकेको जिल्ला हो, तर ती सम्भावना व्यवहारमा रुपान्तरण हुन सकेका छैनन् ।

रुकुम पूर्वका तीनै गाउँपालिका सिस्ने, पुथा उत्तरगंगा र भूमेका आ–आफ्नै विशेषता छन् । सिस्ने गाउँपालिका हिमाल, जडीबुटी, धार्मिक स्थल र साहसिक पर्यटनका लागि उपयुक्त क्षेत्र हो । पुथा उत्तरगंगा गाउँपालिका उच्च हिमाली भू–भाग, मौलिक संस्कृति र ट्रेकिङ सम्भावनाले भरिपूर्ण छ । भूमे गाउँपालिका ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको धनी क्षेत्रका रूपमा चिनिन्छ । यस्ता विशिष्टता हुँदाहुँदै पनि यी क्षेत्रहरूमा पर्यटन विकासको स्पष्ट दिशा देखिँदैन ।

स्थानीय सरकारका प्रतिनिधिहरू सार्वजनिक कार्यक्रममा भन्छन् “रुकुम पूर्व पर्यटनको ठूलो सम्भावना बोकेको जिल्ला हो।” तर यही भनाइ बजेट र नीतिमा किन देखिँदैन ? धेरै ठाउँमा पर्यटकीय क्षेत्र भनेर साइनबोर्ड त राखिएको छ, तर त्यहाँ पुग्ने सडक, सूचना केन्द्र, बसोबासको सुविधा र सुरक्षा व्यवस्था छैन । साइनबोर्डले पर्यटक भित्र्याउँदैन, संरचना र सेवा बिना पर्यटन सम्भव हुँदैन ।

हिमाली जिल्ला भएकाले रुकुम पूर्वमा पर्यटन विकास थप योजनाबद्ध हुनुपर्छ । भौगोलिक कठिनाइ, मौसम र पहुँचको समस्या समाधान नगरी पर्यटन प्रवर्द्धनको कुरा गर्नु आत्मविरोधी हुन्छ । तर स्थानीय तहहरूले दीर्घकालीन पर्यटन नीति निर्माणमा चासो नदेखाएको गुनासो व्यापक छ । तीनै गाउँपालिकाबीच समन्वय गरेर साझा पर्यटन मार्ग, प्याकेज र प्रवर्द्धन रणनीति बनाउन सकिन्थ्यो, तर त्यो पहल देखिँदैन ।

स्थानीय सरकार स्वयंले स्वीकार गर्छ “बजेट अभाव छ ।” तर पर्यटनलाई खर्च होइन, लगानीका रूपमा बुझ्न नसक्नु नै मुख्य समस्या हो । यदि पर्यटनबाट रोजगारी, आयआर्जन र स्थानीय अर्थतन्त्र सुदृढ हुन्छ भने किन यस क्षेत्रमा न्यूनतम बजेट मात्रै छुट्याइन्छ ? यो प्रश्नको जवाफ स्थानीय सरकारले दिनैपर्छ ।

पर्यटन विकास स्थानीय समुदायको सहभागिताबिना सम्भव हुँदैन । सिस्ने, पुथा उत्तरगंगा र भूमेमा होमस्टे, स्थानीय उत्पादन, सांस्कृतिक संरक्षण र युवा लक्षित तालिम कार्यक्रम अघि बढाउन सकिन्छ । तर यी सबै नीति र बजेटमा स्पष्ट रूपमा समेटिनुपर्छ ।

***सम्पादकीय निराजन सिर्पाली***



**प्रकाशक**

**भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

समचार

वर्ष ७ अङ्क १९ २०८२ मंसिर २८ आईतबार

# लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान पूरा, उत्साहपूर्वक सम्पन

**भूमे साप्ताहिक संवाददाता**



लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत भूमे गाउँपालिकामा आयोजित विविध कार्यक्रम आज सम्पन्न भएको छ। हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर मनाइने अभियानलाई यस वर्ष पनि भूमे गाउँपालिकाले उत्साहपूर्वक सम्पन्न गरेको हो। गाउँपालिकाको केन्द्रमा आयोजित समापन समारोहको मुख्य आकर्षण लोकगीत प्रतियोगिता भएको थियो । प्रतियोगितामा पालिकाभित्रका १६ समूहले सहभागिता जनाएका थिए। प्रतियोगितामा मोराबाङ स्वास्थ्य आमा समूह (भूमे–३) प्रथम, सृजनशील आमा समूह (भूमे–६) द्वितीय र सयपत्री आमा समूह (भूमे–३) तृतीय भएका छन्। यस्तै शहीद शुक्र मा.वि. सान्त्वना भएको छ। विजयी समूहहरूलाई क्रमशः १५ हजार, १० हजार, ५ हजार र ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको छ। साथै कार्यक्रममा सहभागी सबै समूहलाई यातायात खर्चसमेत वितरण गरिएको गाउँपालिकाले जनाएको छ। समापन समारोहमा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले लैंगिक हिंसा उन्मूलनका लागि स्थानीय तहले गर्ने प्रयासलाई अझ प्रभावकारी बनाउनुपर्ने बताउँदै, "समाजमा महिला र बालिकामाथि हुने कुनै पनि प्रकारको हिंसा अस्वीकार्य छ । जिम्मेवार अभिभावक,सचेत नागरिक र संवेदनशील नेतृत्वको संयुक्त प्रयासबाट मात्रै हिंसा रहित समाज निर्माण सम्भव हुन्छ," भन्ने धारणा व्यक्त गर्नुभएको छ। कार्यक्रमको अध्यक्षता गर्नुभएको उपाध्यक्ष सबिना बुढाले १६ दिने अभियान जति मात्रामा कार्यक्रम होइन, व्यवहार परिवर्तनको अभियान भएकाले प्रत्येक घर–परिवारसम्म यसको सन्देश पुऱ्याउन आवश्यक रहेको बताउनुभयो ।"महिलामाथि हुने हिंसा अन्त्य गर्नका लागि समुदाय स्तरबाटै जागरण सुरु हुनुपर्छ।

गाउँपालिकाले वर्षभर निरन्तर सचेतनामूलक कार्यक्रम अघि बढाउने बताउनुभयो। विशेष अतिथि तथा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बि.क.ले लैंगिक समानता विकास र सुशासनको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै सामाजिक सद्भावसहित समावेशी विकासमा स्थानीय सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

# उपभोक्ता हितका लागि भूमेको वडा १ र २ मा संयुक्त अनुगमन

बालाराम शेर्पाली



रुकुमपूर्वको भूमे गाउँपालिका वडा नं. १ र २ अन्तर्गतका विभिन्न गाउँबस्तीहरूमा शनिबार बजार अनुगमन गरिएको छ । उपभोक्ताको स्वास्थ्य र अधिकार संरक्षणका उद्देश्यले गरिएको अनुगमनमा १८ वटा पसल अनुगमन गरिएको हो।

सहायक प्रमुख जिल्ला अधिकारी समिर गौतमको नेतृत्वमा भएको अनुगमन टोलीमा भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढामगर, घरेलु तथा साना उद्योग कार्यालय रुकुमपूर्वका प्रमुख भोला प्रसाद शर्मा, नेपाल पत्रकार महासंघ रुकुमपूर्वका उपाध्यक्ष बालाराम शेर्पाली तथा जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो । अनुगमनका क्रममा लुगुम र काँक्री क्षेत्रका पसलहरूबाट करिब २९ हजार रुपैयाँ बराबरका म्याद नाघेका उपभोग्य सामग्री बरामद गरिएको जिल्ला प्रशासन कार्यालय रुकुमपूर्वले जनाएको छ।बरामद गरिएको सामग्री नष्ट समेत गरिएको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार अनुगमन गरिएका धेरैजसो पसलहरू दर्ता प्रक्रिया पूरा नगरी सञ्चालनमा रहेको पाइएको छ । साथै, कतिपय व्यवसायीहरूले कर नतिरेको तथा व्यवसाय नवीकरण नगरेको अवस्था पनि भेटिएको छ । भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढामगरले उपभोक्ताको स्वास्थ्य र अधिकारको संरक्षण स्थानीय सरकारको प्रमुख दायित्व भएको बताउनुभएको छ ।

उहाँका अनुसार बजारमा बिक्री हुने खाद्य तथा उपभोग्य सामग्री सुरक्षित, गुणस्तरीय र “बजारमा पाइने सामानले प्रत्यक्ष रूपमा नागरिकको स्वास्थ्यसँग सरोकार राख्छ । म्याद नाघेका, गुणस्तरहीन वा अवैध रूपमा भित्रिएका सामग्री बिक्री हुनु गम्भीर विषय हो,” उहाँले भन्नुभयो, “त्यसैले उपभोक्ताको हित सुनिश्चित गर्न संयुक्त रूपमा बजार अनुगमन गरिएको उपाध्यक्ष बुढाले बताउनुभयो ।

सहायक प्रमुख जिल्ला अधिकारी समिर गौतमले उपभोक्ता संरक्षण ऐन र प्रचलित कानुनको कार्यान्वयनका लागि बजार अनुगमन अनिवार्य भएको बताउनुभएको छ। उहाँका अनुसार स्थानीय बजारमा देखिएको अव्यवस्था, म्याद नाघेका तथा गुणस्तरहीन सामग्रीको बिक्री रोक्न प्रशासन सक्रिय रूपमा लागिरहेको छ । “बजारमा बिक्री हुने खाद्य तथा उपभोग्य सामग्रीले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्छ । त्यसैले उपभोक्ता हितलाई केन्द्रमा राखेर वडा नं. १ र २ का विभिन्न बस्तीहरूमा संयुक्त रूपमा बजार अनुगमन गरिएको हो,” उहाँले भन्नुभयो । “यी सबै विषय कानुन विपरीत हुन्। प्रारम्भिक चरणमा सुधारका

लागि निर्देशन दिइएको छ," तर निर्देशनको पालना नगरेमा प्रचलित कानुनअनुसार कारबाही गरिन्छ," उहाँले भूमे साप्ताहिकका सम्पादकसंग कुरा गर्दै स्थानीय सरकार, उद्योग कार्यालय र सरोकारवाला निकायसँग समन्वय गर्दै आगामी दिनमा पनि नियमित बजार अनुगमनलाई निरन्तरता दिइने जानकारी दिनुभयो । त्यसैगरी घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख भोला प्रसाद शर्माले व्यवसाय दर्ता, नवीकरण र कर प्रणालीमा आबद्ध हुन सबै व्यवसायीलाई आग्रह गर्नुभएको छ । भूमे गाउँपालिका वडा नं. १ र २ मा गरिएको संयुक्त बजार अनुगमनले स्थानीय बजारमा रहेको अव्यवस्था, दर्ता तथा नवीकरणप्रति देखिएको लापरवाही र म्याद नाघेका सामग्रीको बिक्री जस्ता समस्यालाई उजागर गरेको छ ।

## जिल्ला स्तरीय १७औँ राष्ट्रपति रनिङ शिल्ड माघ २३ देखि



**रुकुमपूर्व।** रुकुमपूर्वमा जिल्ला स्तरीय १७ औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता–२०८२ माघ २३ गतेदेखि सुरु हुने भएको छ। जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका–२०७० (पाँचौँ संशोधन २०८०) अनुसार प्रतियोगिता आयोजना गर्न जिल्ला स्तरीय व्यवस्थापन तथा निर्देशक समिति गठन समेत गरिएको छ। प्रतियोगिताको प्रभावकारी सञ्चालनका लागि प्रमुख जिल्ला अधिकारीको समन्वय समितिको संयोजकत्वमा सुरक्षा निकाय, खेलकुद निकाय तथा सम्बन्धित कार्यालयका प्रतिनिधिहरूको सलाहकार समिति गठन गरिएको जनाईएको छ। आयोजक समितिका अनुसार प्रतियोगिताको उद्घाटन २०८२ साल माघ २३ गते शुक्रबार बिहान ८:३० बजे महेन्द्र माध्यमिक विद्यालय, तकसेरास्थित खेलमैदान (रङ्गशाला) मा हुने भएको छ । यस वर्ष जिल्लाको भौगोलिक अवस्था र व्यवस्थापकीय अवस्थालाई मध्यनजर गर्दै भलिबल, कबड्डी र एथलेटिक्स विधाका खेलहरू सञ्चालन गरिने भएका छन् । भलिबल र कबड्डी छात्र तथा छात्रा दुवै तर्फ आयोजना हुने छ । एथलेटिक्स अन्तर्गत **१००, २००, ४००, ८००, १५०० र ३००० मिटर दौड, ४×१०० र** ४×४०० मिटर रिले तथा लङ जम्प, हाइजम्प, ट्रिपल जम्प र सटपुट प्रतियोगिता समावेश गरिएको बताईएको छ।प्रतियोगितामा सहभागी विद्यालयहरूले तोकिएका खेल विधा अनुसार खेलाडी संख्या, अनिवार्य खेल पोसाक र मापदण्ड पूरा गरी सहभागिता जनाउनुपर्ने आयोजकले जनाएको छ।

जिल्लाका विभिन्न स्थानीय तहबाट छात्र–छात्राहरूको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको छ। भने प्रतियोगिताले जिल्लामा विद्यालयस्तरीय खेलकुदको प्रवर्द्धन, नयाँ प्रतिभा पहिचान र समग्र खेल विकासमा योगदान पुर्‍याउने विश्वास लिइएको छ।

# भूमेमा २३ हजार ४८६ पशुमा खोरेतविरुद्ध पूर्ण खोप



रुकुम पूर्व । भूमे गाउँपालिकामा पशुमा देखिने अत्यन्तै सरुवा रोग खोरेत (एफएमडी) नियन्त्रणका लागि पहिलो पटक सञ्चालन गरिएको पूर्ण खोप अभियान सम्पन्न भएको छ । असोज महिनाको अन्तिम सातादेखि सुरु भएको खोप कार्यक्रम झन्डै दुई महिनासम्म चलेको थियो। जस्मा पालिकाभर २३ हजार ४ सय ८६ पशुमा खोरेतविरुद्धको खोप लगाइएको छ।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय र भूमे गाउँपालिकाको संयुक्त पहलमा चालु आर्थिक वर्ष २०८२/८३ अन्तर्गत उक्त अभियान सञ्चालन गरिएको थियो ।गाउँपालिका भित्रका नौ वटै वडामा एकसाथ अभियान सञ्चालन गरेर गाई, भैँसी, भेडा, बाख्रा तथा बंगुरमा पहिलो चरणको खोप सम्पन्न गरिएको हो ।एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेलका अनुसार गाई ७ हजार ९ सय ३१, भैँसी १ हजार ५ सय १७, भेडा/बाख्रा १३ हजार ५ सय ३२ र बंगुर ५ सय ६ वटा पशुमा खोप लगाइएको हो। खोरेत रोग पशुमा लाग्ने अत्यन्तै सरुवा रोग हो। यस रोग लागेमा उच्च ज्वरो आउने, घाँस नखाने, मुख तथा खुरमा फोका देखिने, र्‍याल चुहिने र पशु लङ्गडो हुनेजस्ता लक्षण देखिने गर्छन्। समयमै नियन्त्रण र उपचार नहुँदा साना तथा कमजोर पशुको मृत्यु हुने जोखिमसमेत रहने पौडेलले बताउनुभयो । एक पटकको खोपले पूर्ण सुरक्षा नदिने भएकाले पहिलो चरणपछि करिब ६ महिनामा बुस्टर डोजका रूपमा दोस्रो चरणको खोप अभियान सञ्चालन गरिने जनाइएको छ।दोस्रो चरणको खोप सम्पन्न भएपछि भूमे गाउँपालिकालाई ‘खोरेत मुक्त पालिका’ घोषणा गर्ने लक्ष्य रहेको कार्यालयले जनाएको छ। अभियानका क्रममा केही कृषकमा खोप लगाएपछि पशु बिरामी हुन्छन् भन्ने भ्रम देखिएकाले उपचारभन्दा रोग नलाग्ने गरी खोप नै सबैभन्दा सुरक्षित उपाय भएकोबारे कृषकलाई सचेत गराइएको भूमे गाउँपालिकाले जनाएको छ।



# भूमेमा सामुदायिक बीउ बैंक स्थापना तथा योजना तर्जुमा गोष्ठी सम्पन्न




**बालाराम शेर्पाली**

रुकुम पूर्व । भूमे गाउँपालिकामा सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालनसम्बन्धी अभिमुखीकरण र योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ। मंसिर २७ र २८ गते दुई दिनसम्म उक्त गोष्ठी सञ्चालन गरिएको हो । गोष्ठी भूमे गाउँपालिकाको आयोजनामा सम्पन्न भएको गाउँपालिकाले जनाएको छ।

गोष्ठीमा स्थानीय कृषक, जनप्रतिनिधि, कृषि शाखाका कर्मचारी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा भूमे गाउँपालिकामा हाल उपलब्ध स्थानीय बाली विविधताको अवस्था, परम्परागत तथा उन्नत बीउको संरक्षण, व्यवस्थापन र दीगो उपयोगका विषयमा विस्तृत छलफल गरिएको थियो ।त्यसैगरी, भूमे गाउँपालिकामा विद्यमान बीउ आपूर्तिको अवस्थाको विश्लेषण गर्दै बीउ आपूर्तिसँग सम्बन्धित समस्या पहिचान गरिएको थियो। सामुदायिक बीउ बैंक किन आवश्यक छ भन्ने विषयमा सहभागीहरूबीच अन्तरक्रिया गरिनुका साथै बीउ बैंक स्थापना तथा सञ्चालनका लागि कार्ययोजना तर्जुमा गरिएको छ।

कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले स्थानीय बीउ संरक्षणलाई प्राथमिकता नदिएसम्म कृषि आत्मनिर्भरता सम्भव नहुने बताउनुभो।“हाम्रा परम्परागत बीउ हराउँदै गएका छन्। ती बीउ संरक्षण र व्यवस्थापन गर्न सके मात्रै किसानलाई बाहिरी बजारमा निर्भर हुनबाट जोगाउन सकिन्छ,” अध्यक्ष श्रेष्ठले भन्नुभयो । “सामुदायिक बीउ बैंक स्थापना गर्नु दीगो कृषि विकासतर्फको महत्वपूर्ण कदम हो।” उहाँले गाउँपालिकाले आगामी दिनमा सामुदायिक बीउ बैंकलाई संस्थागत रूपमा सञ्चालन गर्न आवश्यक बजेट, प्राविधिक सहयोग र नीति निर्माणमा ध्यान दिने प्रतिबद्धता पनि व्यक्त गर्नु भएको छ। सामुदायिक बीउ बैंक स्थापनाबाट किसानहरूलाई गुणस्तरीय बीउ सहज रूपमा उपलब्ध हुने, बीउमा आत्मनिर्भरता बढ्ने र स्थानीय कृषि उत्पादन तथा उत्पादकत्वमा सुधार आउने अपेक्षा गरिएको छ।कार्यक्रमको अन्त्यमा सहभागीहरूले सामुदायिक बीउ बैंकलाई दीगो रूपमा सञ्चालन गर्न स्थानीय सरकार, किसान समूह तथा सरोकारवाला निकायबीच समन्वय र सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए।

# आमा र शिशु बचाएको त्यो रात....

*शर्मिला कठायत सि.अ.न.मी. (सहायक पाँचौं)*



लामो समयको दुप्चेश्वर बसाईपछि मन भारी बनाउँदै दुप्चेश्वर गाउँपालिकाबाट विदाइ भई करिब तीन दिनको यात्राको थकानसँगै नयाँ ठाउँ, नयाँ परिवेश र नयाँ गन्तव्यका रूपमा दुर्गम हिमाली जिल्ला अन्तर्गत पूर्वी रुकुमको भूमे गाउँपालिकालाई आफ्नो कर्मथलो बनाउन पाउँदा अत्यन्तै खुसी लागेको थियो। भूमे गाउँपालिका वडा नं. - ४ स्थित काँडा स्वास्थ्य चौकीमा हाजिर भई कामकाज सुरु गरेको करिब दुई सातामै, मंसिर १७ गते रातको तेस्रो चौथाई हो। करिब बिहान ३ बजे तिरको घटना आज पनि मनमा ताजै छ।***"हेलो सिस्टर… हेलो सिस्टर…" भन्दै आत्तिएको आवाज मेरो कानमा गुञ्जियो र म झसङ्ग ब्युँझिएँ।*** हतारहतार तल झरेर गेट खोलेर हेर्दा अटो चालक दाइ गर्भवती जनपुरी बुढालाई आफ्नो अटोमा लिएर आउनुभएको रहेछ।

उहाँलाई यसअघि नै कार्तिक २९ गते डेट (WOG–४४+१ दिन) भएकाले रुकुम पूर्व जिल्ला अस्पतालमा प्रेषण गरिएको थियो। तर उहाँ मंसिर ०३ गते मात्र रुकुमकोट जिल्ला अस्पतालमा भर्ना हुनुभयो। त्यहाँ सिजेरियन सेक्सनको तयारी हुँदै गर्दा आमाको मुटुमा समस्या देखिएकाले नेपालगञ्जस्थित भेरी अस्पतालमा रिफर गरिएको थियो । भेरी अस्पतालमा आमा र बच्चाको सम्पूर्ण स्वास्थ्य जाँच (भिडियो एक्स–रे) गर्दा बच्चा सुल्टो रहेको, आमाको स्वास्थ्य अवस्थामा कुनै गम्भीर खतरा नरहेको तथा बच्चा जन्मिन अझै समय बाँकी (WOG–३९ हप्ता मात्र) रहेको निष्कर्षसहित पुनः घर पठाइएको रहेछ।

स्वास्थ्य चौकीमा ल्याई जाँच गर्दा पाठेघरको मुख पूर्ण रूपमा खुलेको, तर भ्रूणको एउटा खुट्टा र नाल बाहिर निस्किएको तथा पानीपोतो नफुटेको अवस्था देखियो । मैले परिवारलाई सम्पूर्ण अवस्था जानकारी गराउँदै यहाँ सुरक्षित प्रसूति गराउन नसकिने भएकाले पूर्वी रुकुम जिल्ला अस्पताल लैजान परामर्श दिएँ। तर परिवारले जान अस्वीकार गर्नुभयो। "म मरे पनि यहीँ मर्छु, तर सक्नुहुन्छ भने मेरो बच्चा बचाइदिनुस्" भन्दै आमा भावुक भएर रुन थाल्नुभयो। स्थितिको गम्भीरता बुझ्दै मैले स्वास्थ्य चौकी प्रमुखलाई सम्पूर्ण जानकारी गराएँ र आवश्यक सामग्रीसहित आफैं अटोमा उहाँलाई राखी

जिल्ला अस्पतालतर्फ लाग्यौँ। जिल्ला अस्पताल नपुग्दै धौलापहिरा भन्ने स्थानमा बिहान करिब ४:३० बजे तीव्र पीडा बढ्यो। त्यही बेला पानीपोतो फुट्यो र एउटा खुट्टा तथा नाल मात्र बाहिर निस्किएको अवस्था थियो।

मोबाइलको बत्तीको सहारामा अटोभित्रै प्रसूति गराउने निर्णय गर्नुपऱ्यो। अत्यन्त कठिन परिस्थितिमा ३ केजी ७२५ ग्राम तौलको छोराको सुरक्षित जन्म भयो। त्यो क्षणमा गहिरो सास फेर्दै भगवानलाई धन्यवाद दिएँ। आमा र बच्चा दुवैको ज्यान बचाउन सफल हुँदा अपार खुसीको अनुभूति भयो। अवस्था सामान्य रहेकाले आमा र नवजात शिशुलाई न्यानो बनाउँदै अस्पतालतर्फ अघि बढ्यौँ।

यस घटनाले समयमै परामर्श (काउन्सेलिङ) गर्ने, स्वास्थ्यकर्मी तथा अस्पतालले दिएको निर्देशनलाई गम्भीरतापूर्वक पालना गर्ने र गर्भवती आमा तथा नवजात शिशुको सुरक्षामा सबै पक्ष सचेत हुनुपर्ने सन्देश दिन्छ। यस्ता जोखिमपूर्ण घटनाहरू दोहोरिन नदिन सामूहिक जिम्मेवारी र समयमै सही निर्णय अत्यावश्यक छ। यस्ता घटनाहरूले स्वास्थ्यकर्मीको पेशा केवल रोजगारी होइन, मानव जीवनप्रतिको जिम्मेवारी र सेवाभावको प्रतीक हो भन्ने कुरा सम्झाउँछन्। समयमै सही निर्णय, सहकार्य र विश्वासले अँध्यारोमा पनि जीवनको उज्यालो जन्माउन सक्छ।

❖ ***विष्णुबाबु देवकोटा*** **मुतक्क**

मान्छे मान्छे विचमा मैले सम्मान भेटेको छैन
आसु मात्रै पिउछन् यहाँ मुस्कान भेटेको छैन।
फगत ढुङ्गा मात्रै रैछ जति पुजे पनि मूर्ती,
साँच्चै आजसम्म मैले भगवान भेटेको छैन॥

अमूल्य छौ लाग्छ तिमीलाई मेरो दिलको हिरा भनूँ
कहिले रगत कहिले मुटु कहिले लाग्छ शिरा भनूँ
जति घाम ढल्दै जान्छ, उति चर्को याद आउछौ-
आफैँ भन तिमीलाई अव, मान्छे भनूँ कि मदिरा भनूँ॥

मेरो दिलबाट अस्ताएकी तिमी एउटा घाम हौ
मन्दिर नपुग्दै घोप्टिएकी थालीको उही सर्जाम हौ
पढ्छौ अझै यो छातीमा आफ्नाओ उपनाम भने-
बाराम्बार बल्किरहने मुटुको तिमी निलडाम हौ॥



# खोरेत रोग र यसको रोकथामको लागि पुर्ण खोप अभियाननै उत्तम उपाय

*डिल्लीराज पौडेल*



खोरेत रोग पशुहरूमा लाग्ने एक प्रकारको सरुवा रोग हो। यो रोग लागेमा पशुहरूको खुर पाक्ने भएकोले यस रोगलाई खोरेत रोग अथवा खुरको रोग पनि भन्ने गरिन्छ । यो रोग खास गरेर घरमा पालिने जनावर गाई, भैंसी, बाख्रा आदीमा लाग्ने गर्दछ । यो रोग लागेका पशुहरूमा खुर पाक्नुको साथै ज्वरो आउने, घाँस नखाने जस्ता ल क्षणहरू देखा पर्ने गर्दछन । यदी खोरेत रोगको बेलैमा ध्यान पुर्यार्न सकिएन भने रोगी पशु मर्न पनि सक्छ ।

यस रोगको विषाणु अति सुक्ष्म भाइरस भएकोले हावाद्वारा लामो दुरीसम्म फैलिन सक्ने र थौरै समयमा धेरै सन्तान उत्पादन गर्ने क्षमता भएको बाहिरी बातावरणमा लामो समयसम्म क्रियाशील रहन सक्ने हुन्छ । यो रोगको विषाणुले छोटो समयभित्र रोगको संक्रमण फैलाई महामारीको रुपमा आर्थिक हानी नोक्सानीमा ठुलो असर पार्न सक्ने क्षमता राख्दछ । खोरेत रोगका विषाणुहरु श्वास नलीभित्र २४ घण्टा सम्म बाच्न सक्ने भएकोले रोगी पशुहरु एक आपसमा लसपस भएमा, रोगी पशुको र्‍यालले दुषित बनाएको दानापानी खाएमा, रोगी पशुले फोहोर बनाएको भांडाकुंडामा दानापानी खाएमा, रोगी पशुलाई राखेको खोरमा निरोगी पशुहरु राखेमा, रोगी जनावरको मासु, कांचो दूध मानिसले सेवन गरेमा आदी विभिन्न कारणहरुबाट खोरेत रोग रोगी पशुबाट निरोगी पशुहरुमा र मानिसमा समेत सार्न सक्ने सम्भावना बढी हुन्छ ।

यो रोग लाग्दा पशुहरुमा एकदम बढी ज्वरो (१०४-१०६ डिग्री फरेनहाइट) आउँने, बिस्तारै घाँसपात नखाने, झोक्राउने, मुख वरिपरि, गिजा र जिब्रोमा स-साना फोकाहरू आउने, पशुको खुट्टाका खुरको कापमा पनि फोकाहरू आई खुर पाक्ने र पछि पशु लङ्गडो हुने, पशुको मुख वरिपरि घाउ आउने भएको कारण र्‍याल चुहाइरहने आदी लक्षणहरु देखा पर्ने गर्दछन ।

त्यसैगरी यो रोग विशेषगरी ठूला माउहरूभन्दा साना पाडापाडी साथै बाख्राको पाठापाठीलाई बढी असर पुर्याउने र कहिलेकाहीँ दुधालु पशुहरुमा थुनेलोको समस्या देखिने साथै ब्याउने माउहरूमा गर्भ तुहिने समस्याहरु समेत देखिने गरेको हुन्छ । जसले गर्दा पशुहरुबाट हुने उत्पादन क्षमता घट्ने र कृषकहरुले

## पशुपालन



पशुउत्पादन बाट लिनु पर्ने दैनिक आयआर्जनमा ह्रास आउने समस्या रहेको हुँदा खोरेत रोगको रोगथामका लागि लुम्बिनी प्रदेश सरकारले खोरेत (FMD) खोपलाई हरेक जिल्लाहरुमा अभियानमुलक अगाडि बढाइरहेको छ। यसै सन्दर्भमा आर्थिक वर्ष ०८२/८३ मा रुकुम जिल्लाको भुमे गाउँपालिकामा खोरेत रोग विरुद्धको पुर्ण खोप अभियानलाई अगाडि बढाइएको छ।

भेटेरिनरी खोपहरु पशु स्वास्थ्य, पशु कल्याण, खाद्यबस्तु उत्पादन र जनस्वास्थका दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । खोप सस्तो मूल्यमा रोगबाट बचाउने एकमात्र उपाय हो। सुरक्षित र गुणस्तरीय पशु आजको आवश्यकता हो । पशु खोप मानव स्वास्थ्य, पशु स्वास्थ्य र खाद्य सुरक्षाको लागि सजिलो उपलब्ध हुने, किफायती तथा आर्थिक रुपमा सस्तो र महत्वपूर्ण उपाय भएकोले यो कार्यलाई लुम्बिनी प्रदेश सरकारले अभियानको रुपमा कार्यान्वयमा ल्याएको हो।

संक्रामक रोगले पशु उत्पादनमा धेरै नै कमि ल्याइ आर्थिक हानी नोक्सानी पुर्याउने भएकोले यस्तो किसिमको क्षतिलाई न्यूनिकरणका लागि रोगविरुद्ध लड्न सक्ने क्षमता प्रदान गर्न खोप लगाउने गरिन्छ। खोपले शरीरको प्रतिरक्षा प्रणालीलाई सक्रिय बनाई रोग लगाउने कारकतत्व जीव (organism) विरुद्ध प्रतिरक्षा उत्पन्न वा सो बिरुद्ध अवरोध उत्पन्न गराई रोगबाट बचाउँछ । सामान्यतया खोप लगाएको ७ देखि १४ दिनमा यस्तो खालको रोग बिरुद्ध प्रतिरक्षा क्षमता उत्पन्न हुन सक्दछ। खोरेत रोग विरुद्धको खोप (एफ.एम.डी. भ्याक्सीन) हरेक ६/६ महिनाको अन्तरमा अनिवार्य रुपमा लगाउनु पर्दछ। नियमित खोरेत रोगको खोप लगाउँदा संक्रामक रोगबाट बचाउनुका साथै महामारीको रुपमा फैलनसक्ने अवस्थालाई रोकथाम गर्ने, खाद्य सुरक्षाका दृष्टीकोणबाट महत्वपुर्ण मानिएको पशु उत्पादनमा वृद्धी गर्ने साथै जुनोटिक रोगहरु फैलनबाट सुरक्षीत गर्ने भएकोले पशुउत्पादनमा यस रोगको खोपको महत्व अधिक रहेको छ।

खोप लगाउनु भनेको पशुहरुमा रोगसँग लड्न सक्ने क्षमता वृद्धि गर्नु हो। रोग लाग्न नदिन खोप लगाउनको साथै उचित व्यवस्थापन र जैविक सुरक्षा विधि अपनाउनु नितान्त आवश्यक हुन्छ । खोप लगाउनु अगाडि त्यस क्षेत्रमा कस्ता किसिमका रोगहरु देखा परिरहेको छ र के कस्ता प्रकारका खोपहरु प्रयोग भइरहेका छन भनि बुझ्नु आवश्यक हुन्छ।

नेपालमा लामो समयदेखि खोरेतको प्रकोप भइरहकेको र हरेक वर्ष यसको प्रकोप देखापरिरहेको छ। नेपालमा प्रत्येक वर्ष देखा पर्ने खोरेतको प्रकोप उच्च पशु घनत्व भएका स्थानमा मात्र नभइ पशु ओसार पसारसंग पनि सम्बन्धित देखिन्छ । लामो र छोटो दुरीको ओसारपसारले खोरेत फैलाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ त्यसैगरी चाडपर्वको समयमा पशुवस्तुको उच्च ओसारपसार, पशुहरु लेकबाट वेसीतर्फ झार्ने र सीमापारबाट हुने ओसारपसार खोरेत रोग संक्रमणको मुख्य कारण मानिएको छ । खोरेतका कारण प्रजनन क्षमता ह्रास र रोग उपचार तथा नियन्त्रणको लागतले हुने नोक्सानी बाहेक दुध र मासु उत्पादनमा आएको कमीले समग्र आर्थिक क्षति हुने अनुमान गरिन्छ । खोरेत रोगका कारण दूधमा कमी, प्रजनन् समस्या,

औषधी उपचार खर्च, साना तथा वयस्क पशुको मृत्यु हुने आदी कारणले दुग्ध क्षेत्रमा सबैभन्दा बढी क्षति गरेको पाईन्छ । यस क्षेत्रमा धैरैजसो गरिब साना पशुधनीहरू आवद्ध छन्, जसमा खोरेत नियन्त्रणका उपायहरू बारे न्यून ज्ञान हुनु, नियमित खोप लगाउनु पर्छ भन्ने जानकारी आम कृषकहरुमा नहुनु, असल पशुपालन अभ्यासलाई प्रोत्साहन नदिनु, पशु खरिद गर्दा ध्यान नदिनु र नियमित रूपमा खोप कार्य नगर्नु प्रमुख समस्या रहेको देखिन्छ।

जसले गर्दा ठूला प्रकोपहरू र ठूलो क्षति सम्भावना उत्तिकै रहेको हुन्छ। तसर्थ भरपर्दो खोरेत रोग नियन्त्रण कार्यक्रमले दुधालु पशुको उत्पादकत्व वृद्धि हुने, यस क्षेत्रमा आश्रित पशुधनीहरू जीवनस्तर सबल हुने र दुग्ध क्षेत्रमा प्राप्त आत्मनिर्भरतामा दिगोपना आउन सक्ने हुँदा नियमित खोप लगाइ पशुहरुलाई रोग लाग्नै नदिनु सबैभन्दा उत्तम उपाय रहेको छ। अभियानमुलक सबै क्षेत्रहरुमा खोरेत निवारण गर्ने स्थितिमा पुग्न नेपालको खोरेत रोग नियन्त्रण प्रणालीलाई सुधार गर्न आवश्यक छ। सङ्क्रमित पशुहरूको प्रवेशबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्नका लागि पशुहरू पहिचान गर्न र तिनीहरूको ओसारपसार नियमन गर्नका लागि उत्तम तरिकाहरू, सुधारिएको रिपोर्टिङ र सर्भिलेन्स पनि रोगको समयमै प्रतिकार्य गर्नका लागि आवश्यक छ।

यसैबीच खोपद्वारा विषाणुको फैलावट अवरुद्ध गर्न धेरै प्रभावकारी देखिएकोले व्यापक खोप अभियानहरू सञ्चालन गर्न अति आवश्यक छ । खोरेत रोग विरुद्धको पूर्ण खोप अभियान अन्तर्गत चालु आ.व. मा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय र भुमे गाउँपालिका, रुकुम पुर्वको संयुक्त प्रयासमा पहिलो पटकको पूर्ण खोप कार्य सम्पन्न भएको छ । उक्त कार्यक्रम जिल्लाको भुमे पालिका अन्तर्गत नौ वटै वडाहरुमा सञ्चालन गरिएको छ। यो खोप विशेष गरी गाइ, भैसी, भेडा, बाख्रा, बंगुरहरुमा लगाइएको हो । खोप कार्यक्रम सञ्चालन पुर्व भुमे गाउँपालिका भित्र रहेको भ्याक्सिनेटरहरु र सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरु वीच छलफल गरि सबै वडाहरुमा खोप कार्य शुरु गरिएको थियो।

उक्त पुर्ण खोप अभियानमा नौ वटा वडाका कुल २३,४८६ पशुहरुमा पहिलो खोप लगाउने कार्य सम्पन्न भएको हो। जस अन्तर्गत गाई ७९३१, भैसी १५१७, भेडा/बाख्रा १३५३२, बंगुर ५०६ पशुहरु रहेका थिए।

यो कार्यक्रम अन्तर्गत एक पटक मात्र खोप लगाएर पुर्ण खोप नहुने र खोरेत मुक्त पालिका घोषणा गर्न नसकिने भएकोले यो खोप कार्यलाई पहिलो पटक लगाएको करिव ६ महिना पछि पुन बुष्टर डोजको रुपमा दोस्रो पटक लगाई खोरेत मुक्त पालिकाको रुपमा घोषणा गर्ने लक्ष्य रहेको छ।

खोप अभियान सञ्चालनको क्रममा आम कृषकहरुमा खोप लगाउँदा पशुहरु विरामी हुन्छन् यो त लगाउनु हुँदैन भन्ने सोच रहेको पाईएकोले सबै कृषकहरु वर्गहरु एक आपसमा सचेत भइ पशुहरुमा रोग लागेर उपचार गर्नु भन्दा रोग नै लाग्न नदिनु उत्तम उपाय हो भन्ने जानकारी लिनु पर्ने र नियमित खोप लगाई रोगको महामारीबाट हुन सक्ने क्षतिबाट सजिलै बच्न सकिने बारेमा सबै कृषकहरु एक आपसमा सचेत हुन आवश्यक देखिन्छ।

# मानव जीवन जोखिममा





यादव देवकोटा

जसरी तापक्रम वृद्धि भइरहेको छ यसले सिङ्गो पृथ्वीको भविष्यसँगै मानव सभ्यतामाथि नै चुनौती थपिरहेको छ। अन्दाज नै गर्न नसकिने गरी बढिरहेको तापक्रमको गति कति डरलाग्दो छ भन्ने उदाहरण त विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) द्वारा प्रकाशित २०२४ को जलवायु अवस्था प्रतिवेदनले जलवायुजन्य सङ्कटलाई उजागर गराएको छ।

जलवायु परिवर्तनका कारक मुलुक वा महादेश यसबाट उत्पन्न सङ्कट जति ढाकछोप गर्न खोजे पनि पनि अब लुक्न नसक्ने अवस्थामा पुगेका छन् । सर्सर्ती हेर्दा जलवायुजन्य प्रकोप भनेको बाढी, पहिरो, डुबान मात्र हो भन्ने मानेर यसैलाई बढी प्रचारमा ल्याउँदा वास्तविक सङ्कट भने छायामा परिरह्यो । विश्व जलवायु परिवर्तनको खास सङ्कट हो तापक्रम वृद्धि र यसबाट भइरहेको मानवीय क्षति । जलवायु परिवर्तनका कारण पृथ्वीको तापक्रम बढिरहेकोमा सबैको सहमति छ । युरोप तापक्रम वृद्धिको सर्वाधिक मारमा परिरहेको छ ।

हुन त यसको कारक पनि युरोप नै हो भन्ने विज्ञहरूको दाबी नै छ । फ्रान्सेली समाचार संस्था ‘एएफपी’ ले केही समयअघि सार्वजनिक गरेको एक समाचार अनुसार मानव–सिर्जित जलवायु परिवर्तनका कारण हरेक वर्षको गर्मीयाममा युरोपको तापक्रमले रेकर्ड तोडिरहेको र यसैका कारण मृत्यु हुनेको सङ्ख्या पनि बढिरहेको छ । बढ्दो तापक्रमले यो वर्ष (सन् २०२५) युरोपको रेकर्डमा चौथो सबैभन्दा गर्मी भएको छ ।

यो गर्मीमा युरोपका विभिन्न सहरमा करिब १६ हजार पाँच सय मानिसको मृत्यु भएको छ ।

जलवायु र स्वास्थ्य अनुसन्धानकर्ताले आफ्नो अध्ययनमा जलवायु परिवर्तनका कारण भइरहेको तापक्रम वृद्धि र मृत्युदर जोड्ने प्रयास गरेका छन् । उनीहरूले अनुमानित मृत्यु प्रत्यक्ष अस्पताल रेकर्डमा नभई विगतका सहकर्मी–समीक्षा अध्ययनमा प्रयोग गरिएका नमुना विधिमा आधारित रहेर गरेका थिए । गर्मीको लहरका बेला हुने मृत्युको कारण अस्पतालमा मुटु, सास फेर्न गाह्रो हुने वा अन्य रोगलाई देखाइन्छ । यस्ता समस्या वृद्धमा झन् प्रबल हुन्छन् । यथार्थमा ती तापक्रम वृद्धिबाट भइरहेका छन् ।

यो वर्षको गर्मीको स्थिति बुझ्न बेलायतका वैज्ञानिकले जुनदेखि अगस्तसम्म आठ सय ५४ युरोपेली सहरमा तापक्रम औसत २.२ डिग्री सेल्सियस बढेको अनुमान गरे । ऐतिहासिक तथ्याङ्कसँग तुलना गर्दा सो अवधिमा करिब २४ हजार चार सय अतिरिक्त मृत्यु भएको प्रक्षेपण गरियो । त्यसमध्ये करिब ७० प्रतिशत

अर्थात् १६ हजार पाँच सय मृत्यु प्रत्यक्ष तापक्रम वृद्धिकै कारण भएको 'द्रुत एट्रिब्युसन' अध्ययनले देखायो। यसको अर्थ जलवायु परिवर्तनले गर्मीसम्बन्धी मृत्युदर तीन गुणा बनाएको हुन सक्छ । यो अध्ययन 'इम्पेरियल कलेज लन्डन' र 'लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिन' का विज्ञहरूले संयुक्त रूपमा गरेका हुन्।

सन् १९६० को दशकपछि पृथ्वीमा भएको द्रुत औद्योगिक विकास तथा जनसङ्ख्या वृद्धिले ल्याएको नकारात्मक असरका कारण पृथ्वीमा जलवायु परिवर्तन भएको तथ्य वैज्ञानिकले औँल्याउँदै आएका छन् । मूलतः जीवाश्म इन्धनको अत्यधिक प्रयोग र तिनबाट उत्सर्जित हरितगृह ग्यासका साथै वनजङ्गलको विनाश भई त्यस्तो ग्यास अवशोषणमा आउने कमीले भूमण्डलीय तापक्रम बढेको हो। कोइला, खनिज तेल र ग्यास जस्ता वस्तुको बढ्दो दोहनले वायुमण्डलमा बढी कार्बन डाइअक्साइड पुग्छ । जङ्गल फडानी र भूक्षयीकरणले पनि वायुमण्डलमा बढी कार्बन डाइअक्साइड पठाउँछ र खेतीपातीदेखि चिस्यान प्रविधिका गतिविधिबाट हरितगृह ग्याससमेत सिर्जना भइरहेका हुन्छन्।

पृथ्वीमा सौर्य विकिरणमार्फत तापशक्ति प्राप्त हुन्छ र यही सौर्य विकिरणका कारण पृथ्वीको वायुमण्डलको तापक्रम सन्तुलन रहन्छ। पृथ्वीले सूर्यबाट जति सौर्य विकिरण प्राप्त गर्छ त्यति नै विकिरण पुनः अन्तरीक्षमा फिर्ता पठाउँछ, जसले गर्दा पृथ्वीको वायुमण्डलको तापक्रम स्थिर रहन्छ तर कुनै कारणवश विकिरणको लेनदेनमा असन्तुलन भएमा पृथ्वीको वायुमण्डलको तापक्रम घटबढ हुन जान्छ र जलवायुमा परिवर्तन आउँछ । पछिल्लो २०० वर्षमा मिथेन, नाइट्रस अक्साइड, कार्बन डाइअक्साइ जस्ता हरित गृह ग्यास र ओजन तह विनाश गर्ने क्लोरोफोलोरो कार्बन जस्ता अन्य विषाक्त ग्यासको उत्सर्जन दिन प्रतिदिन वायुमण्डमा बढ्दै गइरहेको छ र परावर्तित विकिरण वायुमण्डलमै रोकिनाले पृथ्वीको तापक्रम वृद्धि हुँदै छ। उच्च गर्मीले साना बालबालिका, वृद्धवृद्धा र दीर्घकालीन स्वास्थ्य अवस्था भएका र गर्भवती महिलालाई खतरामा पारिरहेको छ । गर्भावस्थाको समयमा, हार्मोनल परिवर्तन हुने र अत्यधिक गर्मीले आमा र उनको गर्भमा रहेको बच्चा दुवैलाई गम्भीर प्रभाव पार्न सक्छ। यस्तो अवस्थामा आमामा उच्च रक्तचापको समस्यादेखि गर्भको शिशुको मृत्युसम्मका घटना बढ्न सक्छन्।

युरोपले, जसरी तापक्रम वृद्धिको मारा भोगिरहेको छ नेपाल पनि यसबाट अछुतो छैन। नेपालको हिमाली क्षेत्र उच्च जोखिममा रहेका छन्। नेपालको हिमाली सभ्यता नै नष्ट हुने खतरा बढिरहेको छ । तापमान वृद्धिले हिमाली क्षेत्र अस्तव्यस्त छ । त्यहाँको सामाजिक अवस्था अति कष्टकर बन्दै गएको छ, हिमनदीजन्य घटनामा वृद्धि भएको छ।

खाद्यान्नबालीको उत्पादन व्यापक घटिरहेको छ । ठूला, साना सबै हिमताल उच्च जोखिममा परेका छन्। सन् २००० को दशकमा हिमनदीजन्य घटना हिन्दुकुश–हिमालय क्षेत्रमा ५ देखि १० वर्षमा एक पटक हुने प्रक्षेपण गरिए पनि पछिल्लो समय बढ्दै गएको छ। सन् २०२५ को मे र जुन दुई महिना मात्रै नेपालको

हुम्लास्थित लिमि, अफगानिस्तानको एन्डोराब उपत्यका र पाकिस्तानको चित्राल÷हुनजामा हिमनदीजन्य बाढी आयो। यो निकै खतराको सूचक हो र यसको गम्भीर अनुसन्धान हुनु आवश्यक छ। यसका लागि दान–अनुदान पर्खनुको साटो आफ्नै स्रोतसाधनबाट गहन अनुसन्धान अपरिहार्य छ। छोटो अवधिमा उच्च तापमान वृद्धिका कारण बरफ खसाल्ने, हिमतालको प्राकृतिक बाँध (मोरेन) भत्कने, पर्माफ्रोस्ट (हिमोढ) भत्कने, उच्च हिमाली क्षेत्रमा चट्टान खस्ने, जमिन भासिने घटना निम्तिइरहेको छ । हालका घटनामा बाढीले गिट्टी, बालुवा, माटो र ठुला ढुङ्गा बोकेको देखिन्छ र जसले पानी मात्र भएको बाढीको तुलनामा धेरै क्षति पु¥याउँछ। हिमाली क्षेत्रमा हिउँको सट्टा वर्षा बढी हुँदा यस्ता घटना बढ्ने विज्ञहरूको निष्कर्ष छ।

विश्वव्यापी तापक्रम निरन्तर बढ्दै जाँदा हिमतालमा सञ्चित हिउँ क्रमशः पग्लने र हिमपात कम हुने तथा हिमताल विस्फोट जस्ता विपत्का सम्भावना बढ्दै गएको छ । तापक्रम वृद्धिले हिमालको स्थायित्वमा गम्भीर चुनौती खडा गरेको छ । तापक्रम बढ्दा हिमालको हिउँ पग्लने खतरा उच्च हुन्छ, हिमताल विस्फोट भएर धनजनको क्षति गर्ने खतरा उत्तिकै बढिरहेको छ। हुन त नेपालले हिमाल जोगाउन अनेक प्रयास गरिरहेको छ।

‘सगरमाथा संवाद’, ‘हिन्दकुश हिमालय संसदीय सम्मेलन’ यसका उदाहरण हुन् तर पर्याप्त छैन । नेपालका दुई छिमेकी मुलुक भारत र चीनमा पर्ने हिमताल विस्फोट हुँदा पनि नेपाललाई समेत असर पर्ने विज्ञहरूको भनाइ छ । सन् २०२१ को फेब्रुअरीमा भारतको उत्तराखण्डमा पनि हिमताल विस्फोटको घटना भएको थियो । उत्तराखण्डको चमोली जिल्लास्थित नन्दादेवी हिमनदी क्षेत्रमा भएको उक्त हिमताल विस्फोटले धौलीगङ्गा नदीमा ठुलो भेलबाढी निम्त्यायो । यस भेलबाढीमा करिब दुई सय मानिस बेपत्ता भए, जसमध्ये २६ जनाको मृत्यु भएको अभिलेख भेटिन्छ।

उक्त विपत्ले ऋषिगङ्गा र धौलीगङ्गा जलविद्युत् आयोजना दुवैमा ठुलो क्षति पु¥याएको थियो । यसअघि सन् २०१३ को जुन महिनामा उत्तराखण्डको केदारनाथ क्षेत्रमा आएको भेलबाढी पनि हिमताल विस्फोटसँग जोडेर व्याख्या गरिन्छ । गान्धी सरोवर (हिमताल) मा अत्यधिक वर्षा र हिमनदी पग्लनु उक्त विपत्को कारण भएको भारतीय सञ्चार माध्यमले जनाएका थिए।

सन् २०२३ को अक्टोबरमा सिक्किमको साउथ ल्होन्जक हिमताल फुट्दा टिस्टा नदीमा ठुलो बाढी आएको थियो । यस घटनाले टिस्टा नदी किनारका बस्ती, सडक र जलविद्युत् आयोजना सबैमा ठुलो क्षति पु¥यायो। यो हिमताल विस्फोट जलवायु परिवर्तन र तापक्रम वृद्धिका कारण हिमनदी पग्लने प्रक्रियासँग प्रत्यक्ष रूपमा जोडिएको मानिन्छ।

## जोखिममा हिमताल

‘अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र’ (इसिमोड) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को ‘इन्भेन्टोरी अफ ग्ल्यासियर लेक्स इन द

# बिचार

वर्ष ७ अङ्क १९ २०८२ मंसिर २८ आईतबार

कोशी, गण्डकी एन्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एन्ड तिब्बत, चाइना' शीर्षकको अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा रहेका ४७ वटा हिमताल फुट्न सक्ने जोखिम रहेको देखाएको छ।

उक्त अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा पर्ने ४७ हिमताल खतरायुक्त तहमा पुगेको छ। यी हिमताल जति बेलामा पनि फुट्न सक्ने र नेपालले ठुलो धनजनको क्षति बेहोर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ। उक्त अध्ययन अनुसार यीमध्ये २५ वटा चीनमा, २१ नेपाल र एउटा भारतमा पर्छ। गत असारमा मात्रै रसुवा र माथिल्लो मुस्ताङमा नेपालमा मात्र दुई वटा बाढी आएको थियो।

अध्ययनले २१ औँ शताब्दीको अन्त्यसम्ममा हिमनदी विस्फोटको जोखिम तीन गुणा बढ्ने अनुमान गरेको छ। नेपालमा यसको प्रत्यक्ष सङ्केत आइसकेको भए पनि पूर्वसूचना प्रणालीको विकास न्यून छ। जल तथा मौसम विज्ञान विभागका अनुसार हालसम्म इम्जा र छो–रोल्पाबाहेक अरू साना तालमा पूर्वसूचना प्रणाली विकास गरिएकै छैन। तापक्रम वृद्धिको गति रोक्न अपनाउनुपर्ने परम्परागतदेखि आधुनिक विधिको उपयोगलाई अब अभियानकै रूपमा अघि बढाउनु अत्यावश्यक भइसकेको छ

जसरी तापक्रम वृद्धि भइरहेको छ यसले सिङ्गो पृथ्वीको भविष्यसँगै मानव सभ्यतामाथि नै चुनौती थपिरहेको छ। अन्दाज नै गर्न नसकिने गरी बढिरहेको तापक्रमको गति कति डरलाग्दो छ भन्ने उदाहरण त विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) द्वारा प्रकाशित २०२४ को जलवायु अवस्था प्रतिवेदनले जलवायुजन्य सङ्कटलाई उजागर गराएको छ। सन् १८५० देखि १९०० लाई आधार वर्ष मान्दा अहिलेसम्म पृथ्वीको तापमान वृद्धि १.४ डिग्री सेल्सियसले बढेको र त्यसमध्ये पनि १.३ डिग्री सेल्सियस मानव सिर्जित रूपमा तापमान वृद्धि भएको समेत अध्यायनले देखाएको छ।

त्यसै गरी इसिमोडको अध्ययन अनुसार हिन्दुकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतको तुलनामा तीन गुणा बढी छ। समथर भूभागको तुलनामा हिमाली क्षेत्रमा तापक्रmm वृद्धि बढी छ। यसका अनेक कारणमध्ये पर्वतारोहणका क्रममा आरोहीले छाड्ले फोहर पनि एक हो। यसै कारण हिमाली क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढी छ। यी समस्यालाई अझै पनि विश्वको साझा मुद्दा बनाउन सकिएको छैन। कोप–३० पनि औपचारिकतामा सीमित रह्यो। परिणामतः युरोप–अमेरिकादेखि नेपालसम्मै जलवायु परिवर्तन 'मौन हत्यारा' बन्दै गएको छ। यसलाई न्यून गर्न सिङ्गो विश्व एक हुनुको विकल्प छैन।

**स्वस्थ, सुरक्षित र सभ्य समाजका निर्माणका लागि**
**निम्न कुरामा ध्यान दिऔ ।**

- ❑ नियमित रूपमा हात मुख धोऔं, सरसफाइमा ध्यान दिऔं।
- ❑ खुला दिसा नगर्ने, प्रयोगशाला वा शौचालय प्रयोग गरौं।
- ❑ प्लास्टिकजन्य फोहर खुला चौर, नदी, खोला र सडकमा नफालौं।
- ❑ छोराछोरीलाइ विद्यालय पठाऔं, बालविवाह र बालश्रम अन्त्य गरौं।
- ❑ घरेलु हिंसा, मदिरा दुरूपयोग र लैंगिक विभेदको विरूद्ध आवाज उठाऔं।
- ❑ अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र एकल महिलालाई सम्मान र सहयोग गरौं।
- ❑ स्थानीय सरकारद्वारा सञ्चालित योजनाहरूमा सहभागी बनौं, जानकारी लिऔ।
- ❑ समाजमा सहिष्णुता, आपसी सद्भाव र सहकार्यको भावना फैलाऔं।

सजग नागरिक – समृद्ध गाउँपालिका ।

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम पूर्व

# सूचना



भूमे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

### जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी –बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।